**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २७ दिसम्बर २०२४

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

१. केन्द्रीय सरकारले पूर्व प्रधानमंत्री डा. मनमोहन सिंहको निधनमा सात दिन को **राजकीय** शोकको घोषणा गरेको छ।
२. राष्ट्रपति द्रौपदी मुर्मू, उपराष्ट्रपति जगदीप धनखड़ अनि प्रधानमंत्री नरेंद्र मोदीले पूर्व प्रधानमंत्री डॉ मनमोहन सिंहको निधनमा शोक व्यक्त गर्दै श्रद्धांजलि अर्पण गरेका छन्।
३. प्राथमिक शिक्षक भर्ती घोटाला मामला मा सीबीआई ले आज पश्चिम बंगाल को पूर्व शिक्षा मंत्री पार्थ चटर्जी विरुद्ध आरोप-पत्र दर्ता गरेको छ।
४. दार्जीलिङ्ग पार्वतीय क्षेत्र का विभिन्न ठाउँहरुमा आज गोर्खा जातीय कवि अगम सिंह गिरीको ९७ औ जन्म जयन्ती धेरै कार्यक्रमहरु गरी मनाइयो।

**संशो नया राजकीय शोक**

केन्द्रीय सरकारले पूर्व प्रधानमंत्री डॉ. मनमोहन सिंह को निधनमा सात दिन को **राजकीय** शोकको घोषणा गरेको छ। यस अवधि सम्पूर्ण देश मा राष्ट्र ध्वज आधा झुकेको रहनेछ अनि कुनै पनि सरकारी कार्यक्रम आयोजित हुने छैन। दिवंगत आत्मा को अंतिम संस्कार पूर्ण राजकीय सम्मान को साथ गरिनेछ। विदेशहरुमा रहेका सबै भारतीय मिशन एवं दूतावासहरुमा पनि अंतिम संस्कार को दिन राष्ट्र ध्वज आधा झुकेको रहनेछ।

*************

**पी.एम शोक-मनमोहन सिंह**

राष्ट्रपति द्रौपदी मुर्मू, उपराष्ट्रपति जगदीप धनखड़ अनि प्रधानमंत्री नरेंद्र मोदीले पूर्व प्रधानमंत्री डॉ मनमोहन सिंहलाई नयाँ दिल्ली स्थित उहाँको निवासमा श्रद्धांजलि अर्पण गर्नु भयो। राष्ट्रपति मुर्मूले आफ्नो संदेशमा पूर्व प्रधानमंत्रीले भारतीय अर्थव्यवस्था मा सुधार को लागि सार्वजनिक कार्यालयहरुमा आफ्नो विभिन्न भूमिकाहरुमा महत्वपूर्ण योगदान पुर्याउनुभएको बताउनुभयो। उपराष्ट्रपति जगदीप धनखड़ ले डॉ. सिंह एक प्रतिष्ठित अर्थशास्त्री रहेको बताउनु हुँदै उहाँले देश को आर्थिक परिदृश्यलाई परिवर्तित गरिदिएको बताउनुभयो। प्रधान मंत्री नरेन्द्र मोदीले डा. मनमोहन सिंहको निधनप्रति राष्ट्र शोकमा डुबेको बताउनु भयो। डा. सिंह एक इमानदार, महान अर्थशास्त्री रहेको प्रधान मंत्रीले बताउनुभयो। केन्द्रीय मन्त्रीहरू अमित शाह, जेपी नड्डा, राजनाथ सिंह, ज्योतिरादित्य सिन्धिया, पूर्व कांग्रेस अध्यक्ष सोनिया गान्धी अनि लोकसभामा विपक्षका नेता राहुल गान्धीले पनि डा. मनमोहन सिंहलाई श्रद्धाञ्जलि अर्पण गरेका छन्।

*************

**पश्चिम बंगाल-मुख्यमन्त्री-शोक सन्देश**

भारतका पूर्व प्रधानमन्त्री डा. मनमोहन सिंहको आकस्मिक निधनमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जी अनि राज्यपाल डा. सिभी आनन्द बोसले गहिरो दुःख व्यक्त गर्नु भएको छ। मुख्य मन्त्री ममता बनेर्जीले भन्नुभयो कि उहाले डा. सिंहसँग काम गरेकी थिइन् र उहाँलाई केन्द्रीय मन्त्रिपरिषद्मा धेरै नजिकबाट देख्नु भएको थिइन्। मुख्यमन्त्रीले डा सिंहको छात्रवृत्तिमा कसैले प्रश्न नगर्ने बताउनु भयो। उहाको आर्थिक सुधारलाई देशले व्यापक रूपमा स्वीकार गरेको छ। गभर्नर डा. सी.वी. आनन्द बोसले आफ्नो सन्देशमा माननीय डा. मनमोहन सिंहको दुखद निधनमा गहिरो समवेदना व्यक्त गर्नुहुदै भन्नु भयो उहाँ एक प्रियए विनम्रए

विद्वान र समर्पित जनसेवक हुनुहुन्थ्यो जसले भारतको प्रधानमन्त्रीको रूपमा सेवा गर्नुभयो। राष्ट्रले उहाँलाई माया गर्छए उहाँको विनम्रता र भारतका जनताप्रतिको समर्पणमा उहाँको सम्झनाले हामीलाई सधैं प्रेरित गरून्। राज्यपालले त्यस दिनको स्मरण गर्नुभयो जब उहाले डा. मनमोहन सिंहको नेतृत्वमा काम गरेर प्रोत्साहित हुनु भएको थियो।

****** ० ******

**पार्थ चटर्जी-आरोप पत्र**

पश्चिम बङ्गालका पूर्व शिक्षामन्त्री पार्थ चटर्जी र उनका सहयोगीहरू माथि नौकरीको निम्ति अवेदनकारीहरुबाट मोटो धनराशि असुलेको आरोप लागेको छ। सी.बी.आई.ले आज ४० पन्ना लामो आरोप पत्र दायर गरेको छ। आरोप पत्रमा पार्थ र उनका सहयोगीहरूले १ए००० भन्दा बढी उम्मेदवारहरूबाट अवैध रूपमा पैसा असुलेको दाबी गरिएको छ। सीबीआईका अनुसार पार्थ चटर्जीले प्राथमिक भर्ती घोटालामा महत्वपूर्ण भूमिका खेलेका छन्। गत वर्ष १ अक्टोबरमा सीबीआईले उनलाई पक्राउ गरेको थियो। आरोपपत्रमा पार्थ सँगै अयान शील र सन्तु गंगोपाध्यायको पनि नाम उल्लेख गरिएको जानकारी प्राप्त भएको छ। दुई वर्षदेखि जेलमा रहेका पार्थ चटर्जीले सर्वोच्च अदालतमा जमानतका लागि निवेदन दिएका थिए। प्रवर्तन निदेशालय (ईडी) को एक अलग मामिलामाए पार्थलाई शर्तहरु संग जमानत दिइएको थियोए तर त्यो अहिलेसम्म लागू भएको छैन।

****** ० ******

**प्राथमिक भर्ती घोटाला - ईडी**

तृणमूल कङ्ग्रेसका निलम्बित नेता कुन्तल घोष र पश्चिम बङ्गालका पूर्व शिक्षामन्त्री पार्थ चटर्जीले प्राथमिक भर्ती घोटालामा प्रवर्तन निदेशालय (ईडी) ले दायर गरेको मुद्दाबाट राहतको माग गर्दै अदालतमा निवेदन दायर गरेका छन्। उक्त मुद्दामा आरोपपत्र दायर गरिएको छ र आरोप तय गर्ने प्रक्रिया जारी छ। शुक्रबार केही कम्पनीसहित ११ जना अभियुक्तले मुद्दाबाट अलग्गिने माग गरेका थिए।

घोषका वकिलले शुक्रबार विशेष सीबीआई अदालतमा ईडीको आरोपलाई अस्वीकार गर्दै धेरै गम्भीर प्रश्नहरू उठाएका थिए। यसबाहेकए वकिलले भने कि ईडीले पैसा लिएको आरोप लगाएका जागिरका आकांक्षीहरूको बयान रेकर्ड गरिएको थियो वा थिएन स्पष्ट छैन।

कुन्तलका वकिलले सन् २०१२ देखि २०१४ को बीचमा भएको कथित भर्ती घोटालाको समयमा कुन्तलले कुनै पनि पद धारण नगरेको बताएका छन्। यति हुँदाहुँदै पनि उनी यस मुद्दामा मुछिएका छन्। वकिलले ईडीले गलत तरिकाले आफ्नी श्रीमतीको सम्पत्ति जफत गरेको आरोप पनि लगाएका छन्।

****** ० ******

**९7 औं जन्म जयन्ती खर्सांग**

गोर्खा जनपुस्तकालय खरसाङको आयोजनामा खरसाङको पंखाबारी रोडस्थित गोर्खा जातीय विभूति उद्यानमा जातीय कवि अगमसिंह गिरीको ९7 औं जन्म जयन्ती समारोह सम्पन्न भएको छ। गोर्खा जन पुस्तकालय खरसाङको वर्तमान सभापति रबीनकुमार प्रधानको अध्यक्षता र वरिष्ठ साहित्यकार जीबी बलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा विशिष्ट अतिथिको रुपमा सभासद श्याम शेर्पाए नेपाली भाषा परामर्श समितिको सदस्या आशा मुखिया लामाए समाजसेवी तिलक शर्माए आकाशवाणी खरसाङको कार्यक्रम प्रमुख पारसचन्द्र आलेए एलडी मोक्तान आदि उपस्थित रहेका थिए। पुस्तकालयको उपाध्यक्ष प्रकाश प्रधानको सञ्चालनमा सम्पन्न कार्यक्रममा स्वागत सम्भाषण साथै जातीय कवि अगमसिंह गिरीको परिचयात्मक टिप्पणी साहित्यकार ऋषि राईले राखेका थिए। पूर्व प्रधानमन्त्री डा मनमोहन सिंहको निधनमा मौन धारण गरेर थालिएको कार्यक्रममा पुस्तकालयको आयोजानामा हुने मासिक साहित्यिक कार्यक्रम श्सुनौ सुनाऔँश ५२ औं प्रकरण पनि सम्पन्न भएको छ। उक्त प्रकरण कवि अगमसिंह गिरीमाथि समर्पित गर्दै गिरीद्वारा लिखित कविताहरु वाचन गरिएको थियो।

****** ० ******

**९७ औं गिरि जयन्ती**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो) जनचेतना संघर्ष समितिको तत्वावधानमा आज कला मन्दिरए दार्जीलिङमा गोर्खा जातीय कवि अगमसिंह गिरीको ९७ औं जन्मजयन्ती मनाइयो। मुख्य अतिथिका रूपमा उपस्थित कवि नगेन्द्र गोर्खाले कवि गिरीको तस्बीरमा दीप प्रज्ज्वलन गरेर समारोहको उदघाटन गरेक थिए। कार्यक्रममा कवी कवियत्रीहरुले कवितावाचन गरे भने नगेन्द्र

गोर्खाले अगमसिंह गिरीको योगदान माथि बोल्दै गोरामुमोका संस्थापक अध्यक्ष सुवास घिसिङ द्वारा स्थापना गरिएको श्गिरी पुरस्कारश .को महत्त्वबारे संक्षिप्तमा प्रकाश पारे। यसैबि, विभिन्न सांस्कृतिक कार्यक्रमहरू पनि प्रस्तुत गरियो। समारोहमा गोरामुमो जनचेतना संघर्ष समितिको तर्फबाट कविहरूलाई स्मृति-पत्र प्रदान गर्दै सम्मान जनाइयो। यसरीनै जातीय कवि अगमसिंह गिरीको ९७ औँ जन्म जयन्ती आज कालेबुङमा विशेष कार्यक्रमका साथ पालन गरियो। कार्यक्रममा कालेबुङका विधायक रूदेन सादा लेप्चा लगायत अन्य गण्यमान्य व्यक्तिहरूको उपस्थिति रहेको थियो। कार्यक्रम अवधि सबैले कवि गिरीलाई पुष्पाञ्जलि अर्पण गर्दै सम्मान व्यक्त गरे। समितिका अध्यक्ष भुवन पी. खनाल अनुसारए ष्कवि गिरीको विचार र योगदानलाई अहिलेका पुस्तासम्म पुऱ्याउने हाम्रो प्रमुख कर्तव्य हो।"

****** ० ******

## राजुविष्ट महापुराण

दार्जीलिङ्का लोकसभा सांसद राजुविष्टले आज सिलगड़ीको बागडुग्रा स्थित शिव सन्यास बाबा मन्दिरमा चलिरहेको साता व्यापी कथामा मुख्य अतिथिको रूपमा उपस्थित भए। उहाँसंग पार्टीका अन्य नेताहरू पनि उपस्थित थिए। श्री विष्टले व्यास पीठलाई नमन गर्दै भक्तिभावका साथ पूजा अर्चना गरे। महापूराण कथा वाचक आचार्य ध्रुब गुरागाँई तथा सहायक व्यास पण्डित मेघराज भट्टाराईले अधार्मिक खदा लगाई सांसदको अभिवादन गरे। यस अवसरमा बोल्दै श्री विष्टले हिन्दु धर्मको महत्व ,सनातन संस्कृति र परम्पराहरूको महानता अनि समाज , राष्ट्र अनि विश्व निमार्णमा र कत्तर्व्य पालनहरू प्रति विशेष प्रकाश पारे। श्री विष्ट आफ्नो संसदीय क्षेत्रमा भाजपाको सदस्य संख्या बढ़ाउने सकभर प्रयास गरिरहेका छन्। यसै क्रममा उनी नक्सलबाड़ी , फाँसीदेवा , बागडोगरा जो भाजपाको गढ़ मानिन्छ त्यहाँ बढ़ी ध्यान दिईरहेका छन्। हिजो बागडोगरा गुरूद्वारामा वीर बाल दिवसमा भाग लिएका थिए भने हिजो बागडोगरा व्यवसायीहरूसित भेटघाट गरेका थिए।

****** ० ******

## प्रधानमन्त्री आवास योजना – खरसाङ नगरपालिका

खरसाङ नगरपालिका क्षेत्रमा प्रधानमन्त्री आवास योजना अन्तर्गत लाभार्थीहरुले समयमा नै रकम नपाएको र घरहरुको निर्माण कार्य अधुरै रहेको भन्दै आज खरसाङमा सभा गरेर यस विषयमा खरसाङ महकुमा शासकलाई ज्ञापन दिने कार्य सम्पन्न गरेका छन्। आज प्रधानमन्त्री आवास योजना अन्तर्गत घरहरुको निर्माण कार्य अधुरो रहेको र समयमा नै रकम नपाएका लाभार्थीहरु भेला भएर खरसाङको गोर्खा जनपुस्तकालय भवनमा एक सभाको आयोजना गरेका छन्। उक्त सभापछि लाभार्थीहरुले र्यालीको साथमा खरसाङ महकुमा शासक कार्यालय पुगेर यस विषयमा खरसाङ महकुमा शासकलाई ज्ञापन दिने कार्य सम्पन्न गरेका छन्। यस विषयमा महकुमा शासक कार्यालय परिसरमा भेला भएका लाभार्थीहरुलाई स्थानीय रामकृष्ण शर्माले सम्बोधन गरेका थिए। खरसाङ नगरपालिका क्षेत्रमा प्रधानमन्त्री आवास योजना अन्तर्गत घरहरुको निर्माण कार्य अधुरो रहेको साथै विभिन्न किस्ताहरुमा रकम नपाएको विषयमा पत्रकारहरुसित कुराकानी गर्दै रामकृष्ण शर्माले विस्तृत रुपमा जानकारी गराएका छन्।

****** ० ******